नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग (डोलिडार)

# ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना

आयोजना समन्वय इकाई (PCU)

## ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना (RRRSDP) को २०६५ पौष महिनासम्मको प्रगति बिवरण

१. चालू आ.व.को वार्षिक कार्यक्रम स्वीकृत भएको, कार्यक्रम समन्वय इकाईको वजेट खर्च गर्ने अख्तियारी डोलिडार मार्फत प्राप्त भएको र सम्बन्धित जिल्ला बिकास समितिमार्फत अख्तियारी दिने गरी जिल्ला प्राविधिक कार्यालयका प्रमुखलाई जिल्ला आयोजना कार्यालयहरुको ( District Project Office, DPO) वजेट खर्च गर्ने अख्तियारी तथा रा.यो.आयोगबाट स्वीकृत एकमुष्ट बार्षिक कार्यक्रम पठाईएको छ ।

२. Central Implement Support Consultant (CISC) को लागि SKAT Swiss Resource Center and Consultancies for Development Switzerland in Association with ERMC Pvt. Ltd and Multi Disciplinary Consultants P. Ltd Nepal संग Nov 24,2008 मा Contract Agreement गरी December 16,2008 देखि काम शुरु भएको छ ।

३. आयोजनाका लागि आवश्यक पर्ने १०९ थान मोटरसाइकल (NCB प्रकृया द्धारा) खरीद गरी जिल्ला अयोजना कार्यलयहरुलाई उपलव्ध गराउने कार्य भै रहेको छ ।

४. पिकअप गाडी (२४ गोटा) खरीदका लागि नेपाल राष्ट्र बैंकमा (५३,६२८,००० जापानी येन) प्रतित पत्र खोलिएको । सवारी साधन हाल भन्सार छुटको प्रकृयामा रहेको र हाल वीरगंज भन्सारमा पुग्ने अवस्थामा रहेको छ ।

५. District Implementation Support Consultant को सेवा खरीदका लागि Contract Negotiation (१४ जिल्लाबाट) भै रहेको र सोहि अनुसार ए.डि.बि बाट सहमति लिने कार्य भै रहेको छ । बांकी २ जिल्ला काठमाण्डौ तथा झापाको लागि EOI Notice पुनः प्रकाशित गरिएको छ । काभ्रे,सिन्धुली, सिन्धुपाल्चोक तथा दोलखा जिल्लाको लागि SDC बाट DIST team को निमित्त प्राबिधिक सहयोग उपलव्ध गराइएको छ ।

६. DRILP लागू भएका १८ जिल्लाको लागि प्रति जिल्ला एक एक जनाका दरले १८ जना ईञ्जिनियर, १८ जना सव ईञ्जिनियर तथा १८ जना असिस्टेन्ट सव ईञ्जिनियर को Individual Consultants को रुपमा सेवा खरीदका लागि प्रकाशित EOI सूचना अनुसार १० जना ईञ्जिनियर,१२ जना सव ईञ्जिनियर र १४ जना असिस्टेन्ट सव ईञ्जिनियरहरु संग करार सम्झौता गरी सम्बन्धित जिल्लामा खटाइ सकिएको छ । बांकी स्थानमा Consultant पदपूर्ति गर्ने प्रकृया जारी रहेको छ ।

७. काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली तथा दोलखा जिल्लाका District Project Office, District Implementation Support Team संग अन्तरकृया गरी आयोजना संचालन कार्ययोजना तयार भई कार्यान्वयन भै रहेको छ ।

८. १२० थान Desktop Computer खरीद भै प्राबिधिक चेक जांचको प्रकृयामा रहेको छ ।

९. Procurement Manual, Accounting Manual, Environmental Screening Guideline र Resettlement Guideline को मस्यौदा तयार भएको छ ।

१०. District Project Coordination Committee ( DPCC) तथा Village Infrastructure Construction Coordination Committee( VICCC) को गठन, भूमिका तथा कार्यविवरण तयारी गरी गठन कार्यका लागि सम्बन्धित जिल्लामा पत्राचार गरिएको ।

११. आयोजनाका लागि दरवन्दी समितिवाट २०० जना विभिन्न पदका स्वीकृत दरवन्दी अनुरुप पदपूर्तिको प्रकृया जारी रहेको छ ।

१२. आयोजना समन्वय इकाई कार्यालयका लागि एकान्तकुनामा कार्यालय भवन भाडामा लिई कार्यसंचालन गरिएको । कार्यालयको लागि आबश्यक पर्ने Local Area Network तथा Telephone Networking कार्य संपन्न भएको छ । साथै uninterrupted Power Supply का लागि जेनेरेटर खरीद प्रकृया जारी रहेको छ ।

१३. २५ थान Laptop Computer खरीद भै प्राबिधिक चेक जांच काम जारी रहेको छ ।

१४. DFID को सहयोगमा International Individual Consultant नियुक्त भै Rural Transport Sector को लागि Sector wide Approach (SWAp) को Draft Strategy तयार भएको यसको निरन्तरताको लागि 9 person Months को International Individual Consultant- Rural Development Policy / Aid Effectiveness Specialist को सेवा खरीदका लागि प्रकाशित सूचना अनुसार First Ranked candidate संग contract negotiation गर्ने प्रयास भएकोमा असफल भएकोले सो को जानकारी ए.डि.बि मा पठाईएको छ । सो सेवा लिनका लागि डि.एफ. आई.डि. संग सहयोग माग गर्न अनौपचारिक छलफल गरी औपचारिक अनुरोध पत्र डोलिडार वाट पठाइएको छ ।

१५. यस आयोजनाका लागि १० मिलियन स्टर्लिङ्ग पौण्डको अनुदान सहयोग वेलायत सरकारवाट प्राप्त गर्ने सम्बन्धमा Memorandum of Understanding मा नेपाल सरकार र DFID बीच Nov 14, 2008 हस्ताक्षर संपन्न भएको छ।

१६. गत आ.ब मा ए.डि.बि श्रोतबाट सोधभर्ना हुने गरी भएको खर्च जम्मा रु. १,२२,२०,१३३।६२ नेपाल सरकारलाई सोधभर्ना गरिएको छ ,यसै गरी चालु आ.ब को ए.डि.बि श्रोत सोधभर्ना हुने गरी भएको खर्च मध्ये रु. १,४८,८५,३६४।९६ नेपाल सरकारलाइ सोधभर्ना गरिएको छ । ईप्रेस्ट खाताबाट एल.सि रकमको भुक्तानी भएको रकम यु.एस.डलर ४,३२,७६७.४७ को ए.डि.बि संग कोष पूर्ति माग गरिएको छ ।

१७. काभ्रे जिल्लामा सडकको निर्माण कार्य आरम्भ गर्ने सिलसिलामा एशियाली विकास वैंकसंग सहमति लिई च्यात्टी खोलामा Causeway निर्माणका लागि Bid Notice प्रकाशित गरिएको छ ।

१८. RRRSDP आयोजना अन्तर्गत १३ जिल्लामा निर्माण गरीने झोलुङ्गे पुलको माग संकलन तथा एशियाली विकास बैंकवाट सहमति प्राप्त गरी संभाव्यता अध्ययन तथा निर्माणका लागि आबश्यक पर्ने प्रकृया शुरु गरिएको छ ।

१९. कोशी वाढीवाट सुनसरी जिल्लामा क्षति भएका ग्रामीण सडक तथा संरचना पुनर्निर्माण गर्न जिल्ला विकास समिति सुनसरीवाट माग गरिए बमोजिम हालका लागि यस आयोजनाको वजेट वाट कार्य गर्न अनुरोध गरे अनुसार एशियाली विकास बैंकवाट सहमति प्राप्त गरि सोही अनुसार जिल्लामा कार्य अगाडि वढाइएको छ ।

२०. सिन्धुपाल्चोक जिल्लामा पुनस्थापना गरिने ग्रामीण सडकको Initial Environmental Examination को Terms of Reference तयार गरि स्वीकृतिका लागि पेश गरिएको छ ।

२१. २० जिल्लाका आयोजना संयोजकहरुलाई DIST Procurement, Financial Management, Resettlement तथा Environment सम्वन्धी २ दिने अभिमूखीकरण तालीम प्रदान गरिएको र जिल्ला प्राबिधिक कार्यालयमा कार्यरत संवन्धित लेखाका कर्मचारीहरुलाई ४ दिने आर्थिक प्रशासन तथा लेखा दिग्दर्शन (Accounting Manual) संवन्धी तालीम प्रदान गरिएको छ ।

२२. महालेखा नियन्त्रक कार्यालयवाट बैदेशिक श्रोत तर्फको रकमको दोश्रो चौमासिक अबधि सम्मको (सोधभर्नाको प्रगतिको आधारमा) ३८ जिल्लाको निकासा फुकुवा भएको छ ।

२३. काभ्रे जिल्लामा सडक निर्माणका लागि आबश्यक पर्ने जग्गा प्राप्ती सम्वन्धी कार्य अगाडि वढाइएको छ ।

२४. सिन्धुली र सिन्धुपाल्चोक जिल्लामा आयोजनावाट कार्यान्वयनका लागि प्रस्ताव गरिएका ग्रामीण सडकको Walk Over Survey को प्रतिवेदन प्राप्त गरी Detailed Survey का लागि कारवाही अगाडि वढाइएको छ ।

२५. Central Implementation Support Consultant वाट ग्रामीण खानेपानी तथा सरसफाई तथा Social Mobilization संवन्धी Check list हरु तयार गर्ने कार्य भइरहेको छ।

२६. Contract Award and Disbursement Projection for 2009 तयार गरी सम्बन्धित दातृ निकायमा पठाईएको छ ।

२७. दातृ निकायमा पठाउनु पर्ने बार्षिक प्रगति बिबरण (Annual Progress Report, January-December 2008) तयार गरी समयमा नै पेश गरिएको छ । सन् २००८ को बर्षमा यस आयोजनाबाट जम्मा रु. २५ करोड ७ लाख ५४ हजारको वरावरको सेवा तथा बस्तु खरिदका लागि सम्झौता सम्पन्न गरिएको छ ।

२८. चालु आ.व को २०६५ पौष मसान्त सम्ममा चालु खर्च तर्फ रु. १३,१०,३८३।– खर्च भएको छ भने पुंजिगत खर्च तर्फ रु. १,७८,३०,०७२।– खर्च भएको छ । यस अवधिमा खर्च आयोजना समन्वय इकाइवाट मात्र गरिएको छ ।

भीम प्रसाद उपाध्याय
उप- महानिर्देशक/आयोजना संयोजक